# डेरी पसल निर्माण/सुधार अनुदान कार्यक्रम संचालन नर्मस, २०७६

१. कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयले दूध तथा दुग्धजन्य पर्दाथ विक्रीवितरण गर्ने डेरी पसलहरुबाट पसलको निर्माण/सुधारका लागी ३० दिने सूचना प्रकाशन गरि निवेदन माग गर्नु पर्नेछ।

२. निवेदन दिन चाहने डेरी पसलको योग्यता:

- सम्बन्धित निकायमा दर्ता भई नवीकरण अध्यावधिक भएको।
- कम्तीमा दैनिक १०० लिटर दूध दैनिक संकलन र विक्रीवितरण गर्ने गरेको।
- डेरी पसलको क्षेत्रफल कम्तीमा १२० वर्ग फिट भएको।
- डेरी पसलमा कम्तीमा १ वटा डिपफ्रिज वा चिलर भएको।

३. एक पटक डेरी पसल निर्माण/सुधार कार्यक्रमवाट अनुदान प्राप्त गरी सकेको डेरी पसललाई ५ बर्ष सम्म सोही कार्यको लागी अनुदान उपलव्ध गराउन पाईने छैन।

४. निवेदक मध्येवाट उपयुक्त अनुदानग्राही छनौट गर्न कार्यक्रम संचालन गर्न अख्तियारी प्राप्त कार्यालयको प्रमुखले तीन सदस्यीय छनौट समिति गठन गर्नु पर्नेछ।

५. पेश भएका कागजातहरु र स्थलगत अनुगमन गरी बुँदा नं ६ समेतको आधारमा अनुदानग्राहीको छनौट गर्नु पर्नेछ।

६. छनौट समितिले दैनिक दूध संकलन/बिक्रीवितरण परिमाण, आवेदकको सम्बन्धित कार्यको अनुभव, स्थलगत उपयुक्तता, दूध उत्पादन तथा प्रशोधन सम्बन्धि प्राप्त तालिम आदिका आधारमा अनुदानग्राहीको छनौट गर्न सक्नेछ।

७. छनौट भएका अनुदानग्राहीसँग वार्षिक स्वीकृत कार्यक्रमको अधिनमा रही कार्यक्रम संचालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकम र गर्नुपर्ने कार्यहरु लगायतका विषयहरु उल्लेख गरी सम्झौता गर्नु पर्नेछ।

८. अनुदान रकमलाई कार्यक्रम संचालन लागतको अधिकतम ५०% मानी बाँकी कम्तीमा ५०% रकम अनुदानग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

९. अनुदान वापतको रकम डेरी पसल विक्रि कक्षको निर्माण/सुधार गर्न (सिसा/जाली, टायल/मार्वल लगाउन), आवस्यक सामग्री र उपकरणरु (क्यान/कन्टेनर, डिप फ्रिज, डिस्प्ले फ्रिजर, जेट स्प्रेयर, र्याक आदी) खरीद गर्नका लागि खर्च गर्न सकिनेछ।

१०. अनुदानग्राहीले बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन सहित निवेदन पेश गरे पश्चात कार्यालयले स्थलगत अनुगमन गर्नु पर्नेछ।

११. अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले अनुदान रकम भुक्तानी गर्नु पर्नेछ।

१२. पुंजीगत खर्च वापत भुक्तानी गरिने अनुदान रकमको ४% बराबरको रकम कन्टिन्जेन्सी बापत कट्टा गर्न सकिनेछ।

सचिव